## बडीमालिका नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ३ संख्या ४ मिति २०७६ असार १५,आईतबार

भाग १

# बडीमालिका नगरपालिका

# प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७६

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,
तिर्थराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बडीमालिका नगरपालिका

---

स्थानीय राजपत्र

---

खण्ड ३ संख्या ४ मिति २०७६ असार १५,आईतबार

भाग १

**बडीमालिका नगरपालिका**

**प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७६**

**स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।**

आज्ञाले,

तिर्थराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

## बडीमालिका नगरपालिका
## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

**प्रमाणीकरण मिति : २०७६/३/१५**

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक् कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बडीमालिका नगरपालिका क्षेत्रभित्र लागु हुने गरी दोस्रो नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम बडीमालिका नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन बडीमालिका नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बडीमालिका नगरपालिकाका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बडीमालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले बडीमालिका नगरपालिका सम्झनु पर्छ ।

(घ) "नगर प्रमुख" भन्नाले बडीमालिका नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम,कार्यविधि,मापदण्ड तथा निर्देशिका बनाउने अधिकार** : (१) संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न आवश्यक मापदण्ड तथा अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम,कार्यविधि तथा निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

४. **खारिजी र बचाउ:** यो ऐन बन्नु अगाडी कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश ,कार्यविधि ,मापदण्ड यसै ऐन बमोजिम भएको मानिनेछ ।